# धनकुटा नगरपालिका

# स्थानीय राजपत्र

धनकुटा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ५) मिति २०८१ साल पुष २४ गते (संख्या ९

## भाग १

## खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१

**प्रस्तावना:**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरूका माध्यमबाट सहज र दिगो रूपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी र सरसफाइ सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक

व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी

धनकुटा नगरपालिकाको पन्ध्र औं नगर सभाले यो ऐन बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "धनकुटा नगरपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, २०८१" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अनुमतिपत्र" भन्नाले दफा ३८ बमोजिमको अनुमतिपत्र सम्झनु पर्दछ ।

(ख) "अनुमतिपत्र प्राप्त संस्था" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने संगठित संस्था सम्झनु पर्दछ ।

(ग) "आयोजना" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनु पर्दछ ।

(घ) "उपभोक्ता" भन्नाले खानेपानी तथा सरसफाइ सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनु पर्दछ ।

(ङ) "उपभोक्ता संस्था" भन्नाले सामुदायिक रूपमा सामूहिक हितका लागि खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनु पर्दछ ।



CamScanner

(च) "खानेपानी तथा सरसफाइ उपभोक्ता समिति" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरूले उपभोक्ता संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) "खानेपानी सेवा" भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ती गर्ने कार्य सम्झनु पर्दछ र सो शब्दले खानेपानी उपलब्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) "खानेपानीको सार्वजनिक उपयोग" भन्नाले निजी रूपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले अग्नि नियन्त्रण लगायत सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) "खानेपानीको संस्थागत उपयोग" भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरूले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनु पर्दछ र सो शब्दले औद्योगिक संस्थाहरूले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) "गुणस्तरीय खानेपानी" भन्नाले स्वास्थ्यमा हानी नपुऱ्याउने गुणस्तरीय अथवा सुरक्षित पानीलाई गुणस्तरीय खानेपानी सम्झनु पर्दछ ।

(ट) "घरेलु उपयोग" भन्नाले व्यक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनु पर्दछ ।



CamScanner

(ठ) "ढल निकास" भन्नाले मानव मलमूत्र सहित वा रहित फोहरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनु पर्दछ ।

(ड) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ढ) "पानीको स्रोत" भन्नाले प्राकृतिक रुपमा पानी निःसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनु पर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(ण) "फोहर पानी" भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात् निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहरपानी सम्झनु पर्दछ र सो शब्दले फोहरपानीसँग मिसिएर आउने वर्षात्को पानीलाई समेत जनाउँछ ।

(त) "सरसफाइ सेवा" भन्नाले फोहर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण, ढल निकास प्रणाली, ठोस फोहर व्यवस्थापन, घरयासी तथा संस्थागत शौचालय निर्माण, फोहर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(थ) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून



CamScanner

बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(द) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनु पर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(ध) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा, सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी, सरसफाइ तथा स्वछता सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(न) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनु पर्दछ ।

(प) "वास" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता (Water Sanitation and Hygiene, WASH) सम्झनु पर्दछ ।



CamScanner

## परिच्छेद २
## खानेपानी तथा सरसफाइको अधिकार र स्रोत सम्बन्धी व्यवस्था

३. **खानेपानी तथा सरसफाइमा पहुँचको अधिकारः** (१) नगरपालिका क्षेत्रभित्र रहेका प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुंचको अधिकार अन्तर्गत नगरपालिकाका प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार ,

(ख) स्वच्छ खानेपानीमा सहज र सुलभ पहुँचको अधिकार,

(ग) नियमित रूपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(घ) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रूपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, संवर्धन, परिपूर्ति र कार्यान्वयन गर्ने जिम्मेवारी नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि नगरपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

४. **खानेपानीको स्रोतमा अधिकारः** (१) नगरपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानी र घरेलु उपयोगलाई पहिलो प्राथमिकतामा दिइनेछ ।



CamScanner

(२) परम्परागत रूपमा घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था, समुदाय वा व्यक्तिको अधिकार सुरक्षित रहनेछ ।

(३) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा सम्बन्धित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(४) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्था सञ्चालित वा परम्परागत रूपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(५) नेपाल सरकार वा प्रदेश सरकारले नगरपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व नगरपालिका र सम्बन्धित समुदायको सहमति लिनु पर्नेछ ।

५. **पानीको स्रोत तथा मुहानको संरक्षण:** (१) खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) खानेपानीको स्रोत तथा मुहान संरक्षणका लागि देहाय बमोजिमका कार्यहरु गर्नुपर्नेछ :

(क) पानीको स्रोतको संरक्षणको लागि बाढी, पहिरोको नियन्त्रण गर्ने,

(ख) पानीको स्रोतलाई प्रदुषित हुन नदिन आवश्यक व्यवस्था मिलाउने र स्रोतलाई नष्ट वा लोप हुनबाट बचाउने,



CamScanner

(ग) पानीको मूल वा मुहानलाई दिगो बनाई राख्न उपयुक्त विभिन्न उपायहरू अवलम्बन गर्ने तथा तिनको उचित मर्मत सम्भार नियमित रूपमा गर्ने गराउने,

(घ) पानीको संरक्षण, संवर्धन र समुचित उपयोग सम्बन्धमा उपभोक्ता, सेवाप्रदायक वा सम्वद्ध पक्षहरूको लागि सचेतना वा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने,

(ङ) पानीको स्रोत प्रदूषण हुन नदिनका लागि पानीको मूल वा बहाव क्षेत्रमा संरक्षण गर्न प्रोत्साहित गर्ने,

(च) खानेपानी योजनामा पानी सुरक्षा योजना लागु गर्ने,

(छ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

(३) खानेपानीको स्रोत संरक्षणका लागि नगरपालिकाले सम्बन्धित पक्षसँग समन्वय गरी आवश्यक सहयोग गर्नेछ ।

६. **खानेपानी तथा सरसफाइको पहुँच पुगेको मानिने:** (१) देहायको अवस्थामा खानेपानीको पहुँच पुगेको मानिनेछ ।

(क) खानेपानी उपयोग गर्ने परिवारहरु १५ मिनेटसम्मको आतेजाते दुरीभित्र पानी ल्याउन सक्षम भएमा,

(ख) सबैको निम्ति सुरक्षित पहुँच भएमा,

(२) उपदफा (१) को अवस्थालाई न्यूनतम् मापदण्डको रूपमा लिई नगरपालिकाले एक घर एक धारा प्रणालीलाई अवलम्बन गर्दै जानेछ र खानेपानी सेवाको सुनिश्चिता गर्ने दायित्व नगरपालिकाको हुनेछ ।

(३) खानेपानी तथा सरसफाइका राष्ट्रिय मापदण्डको अधिन रही नगरपालिकाले स्थानीय सूचकहरु तोक्न सक्नेछ ।



CamScanner

७. <u>सुरक्षित खानेपानीयुक्त समुदाय घोषणाः</u> (१) देहायको समुदायलाई सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्न सकिने छ ।

(क) खुला दिसा मुक्त घोषणा भई खुला दिसा मुक्त कायम रहेको,

(ख) दफा ६ बमोजिमको न्यूनतम् राष्ट्रिय मापदण्ड पूरा गरेको

(ग) पाईप प्रणालीको धाराबाट जुनसुकै बेला स्वच्छ र सुरक्षित खानेपानीको उपलब्धता भएको,

(घ) पाइप प्रणाली नभएको अवस्थामा संरक्षित पानीका स्रोतबाट प्राप्त पानीलाई शुद्धिकरण गरी उपभोग गरेको ।

(२) सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा गर्नका लागि कार्यपालिकाले निर्देशिका, मापदण्ड, कार्यविधि बनाई घोषणा गर्न सक्नेछ ।

८. <u>शौचालय निर्माण गर्नु पर्नेः</u> (१) नगरपालिकाका सबै घर परिवार, संघ संस्था, व्यवसायीहरूले अनिवार्य शौचालयको निर्माण गरी प्रयोगमा ल्याउनु पर्नेछ ।

(२) नगरका सार्वजनिक स्थलमा शौचालयको निर्माण गर्ने दायित्व स्थानीय समुदाय र नगरपालिकाको हुनेछ । यस्ता सार्वजनिक स्थलमा शौलालय निर्माण गर्नु पूर्व त्यसको संचालन कार्यविधि तयार गर्नु पर्नेछ ।

(३) नगरका सबै विद्यालयमा देहाय बमोजिम शौचालय सुविधाको व्यवस्थापन गर्नु पर्नेछ ।

(क) ५० जना विद्यार्थी बराबर एक शौचालयको उपलब्धता,



CamScanner

(ख) छात्र छात्राका लागि अलग शौचालय,

(ग) शौचालयमा साबुन पानीको व्यवस्था,

(घ) छात्राको शौचालयमा स्यानिटरी प्याड बिसर्जन गर्ने उपयोगी व्यवस्था गरिएको,

(३) खुला दिसामुक्त समुदायको दिगोपनाका लागि नगरपालिकाले थप नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउन सक्नेछ।

## परिच्छेद ३
## संस्थागत संरचना, काम, कर्तव्य र अधिकार

९. **नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति :** (१) नगरपालिकामा देहाय बमोजिम खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ।

(क) नगरपालिका प्रमुख - अध्यक्ष

(ख) उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) नगरपालिकामा पूर्वाधार विकास समिति र वन, वातावरण र विपद व्यवस्थापन समितिका संयोजक सदस्य - दुई जना

(ङ) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि - सदस्य

(च) नगरपालिकाले तोकेको खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत एक जना महिला - सदस्य

(छ) नगरपालिकाले तोकेको खानेपानी तथा सरसफाइको क्षेत्रमा कार्यरत संघ संस्थाको एक जना महिला - सदस्य



CamScanner

(ज) नगरपालिकाको खानेपानी तथा सरसफाइ हेर्ने उपशाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा खानेपानी तथा सरसफाइ विषयका विज्ञ र सरोकारवाहरूलाई आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) को खण्ड (च) र (छ) बमोजिमका कार्य अवधि दुई वर्षको हुनेछ।

(४) नगरपालिकास्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **नगरपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति काम, कर्तव्य र अधिकार:** नगरपालिका स्तरीय खानेपानी तथा सरसफाइ समन्वय समितिका काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम रहनेछन्।

(क) खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा नगरपालिकालाई सुझाव दिने,

(ख) नीति तथा योजनाको कार्यान्वयनको अवस्थाको समीक्षा गरी समयानुकल संशोधन लागि सुझाव पेस गर्ने,

(ग) नगरपालिकाको लागि आवश्यक पर्ने नीति, कार्यविधि, निर्देशिका तथा नियमहरूको मस्यौदा तयार गर्ने,

(घ) विभिन्न विकास साझेदारहरूसँग समन्वय गरी वास योजनाको कार्यान्वयमा योगदान गर्ने,



CamScanner

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता (वास)को प्रभावकारी योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समन्वयकारी भूमिका निर्वाह गर्ने,

(च) नगरपालिका क्षेत्रभित्र रहेका सबै खानेपानी तथा सरसफाइ योजनाहरूको वार्षिक रूपमा अद्यावधिक गर्ने,

(छ) खानेपानी तथा सरसफाइ योजनाहरूको न्यूनतम सञ्चालन तथा मर्मत सम्भार मापदण्ड निर्धारण गरी उपभोक्ता समितिहरूलाई पुरस्कार दिने पद्धति स्थापना गर्ने,

(ज) कार्यपालिकाले तोकेका अन्य कार्यहरू गर्ने ।

**११. वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिः** (१) नगरपालिकाले वडास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) समन्वय समितिको काम गर्न वडा समितिलाई तोक्नेछ ।

(२) वडा सचिवले समितिको सदस्य सचिवको रूपमा काम गर्नेछन् ।

**१२. खानेपानी, सरसफाइ तथा स्वच्छता शाखाको व्यवस्थाः** (१) नगरपालिकामा खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापनका लागि नगर कार्यपालिकाको कार्यालयले कुनै शाखा/उपशाखालाई वास इकाइको रूपमा तोक्नेछ,

**१३. वास इकाइको भूमिका तथा जिम्मेवारीः** वास इकाइको भूमिका तथा जिम्मेवारी देहाय बमोजिम रहनेछ ।

(क) बार्षिक कार्यक्रममा स्वीकृत भएका खानेपानी सरसफाइ स्वच्छता सम्बन्धी सचेतनामूलक कार्यक्रम, मर्यादित महिनावारी व्यवस्थापन, संस्थागत



CamScanner

सरसफाइ लगायतका कार्यक्रमहरूको कार्यान्वयन गर्न सहयोग पुऱ्याउने,

(ख) नगरपालिकाको वास क्षेत्रको सूचना संकलन, अद्यावधिक तथा आवश्यकता बमोजिम निर्णय प्रक्रियामा प्रयोगका लागि समितिलाई सही सूचना उपलब्ध गराउने,

(ग) उपभोक्ता समितिहरूको सञ्चालन अवस्था, वडा कार्यालयबाट प्राप्त प्रतिवेदनहरू संग्रह गर्ने तथा सूचना अद्यावधिक गरी सो को प्रतिवेदन कार्ययोजना सहित समितिमा पेस गर्ने र प्रतिवेदन प्राप्त नभएका वडाहरूलाई ताकेता गरी प्रतिवेदन प्राप्त गर्ने,

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरू गठन, पुनर्गठन, नगर कार्यपालिकाको कार्यालयमा दर्ता तथा नवीकरण कार्यको लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) सबै खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरूको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन गर्ने कार्यमा सहयोग गर्ने,

(च) सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा उत्कृष्ट खानेपानी तथा सरसफाइ योजनाहरू छनौट गरी पुरस्कृत गर्न नगरस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिमा पेस गर्ने, कमजोर उपभोक्ता समितिलाई सक्रिय बनाउन सहजीकरण गर्ने,



CamScanner

(छ) विद्यमान खानेपानी तथा सरसफाइ योजनाहरूको आवधिक रूपमा अनुगमन तथा मूल्यांकन गर्ने पद्धति स्थापना सहयोग गर्ने,

(ज) वास क्षेत्रको वार्षिक प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने,

(झ) आपतकालीन तथा ठूलो मर्मत सम्वन्धी अवस्थाको बारेमा समितिमा पेस गर्ने,

(ञ) खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन समितिले तोके बमोजिम खानेपानी तथा सरसफाइ योजनाहरूको दिगोपनाका लागि अन्य कार्य गर्ने,

(ट) वास व्यवस्थापन समितिको प्रशासनिक तथा अन्य अभिलेखीकरण सहित समितिको सचिवालयको रूपमा काम गर्ने ।

१४. <u>खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था दर्ता गर्न सक्नेः</u> (१) नगरपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुहिक हित र सामुदायिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरू गठन भएमा दर्ताका लागि नगरपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएका कागजातको आधारमा उपभोक्ता संस्था दर्ता गर्न योग्य देखिएमा दर्ता गरी प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।



CamScanner

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्ने गरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिहरू यो ऐन लागु भएपश्चात् यस नगरपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेस गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ ।

(७) नगरपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक साधारण सभा गरी सोको प्रतिवेदन नगरस्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति समक्ष पेश गर्नुपर्नेछ ।

१५. **उपभोक्ता संस्थाको कार्यसमिति** :(१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति सातदेखि एघार सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमितिको कार्यकाल तीन वर्षको हुनेछ र कुनै पनि व्यक्तिले अध्यक्षको रूपमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ ।



CS CamScanner

१६. **उपभोक्ता संस्थाको विधान** : उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरू समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत,

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यक्षेत्र,

(ग) सदस्यता, योग्यता र सदस्यता शुल्क,

(घ) निष्काशन र राजिनामा,

(ङ) हक दावी, नामसारी वा हकवालाको मनोनयन,

(च) अधिवेशन, वार्षिक साधारण सभा र कार्य,

(छ) समितिको गठन, काम, कर्तव्य र अधिकार,

(ज) कार्य समितिको बैठक र कार्यविधि,

(झ) पदाधिकारीको काम, कर्तव्य र अधिकार,

(ञ) अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्था,

(ट) सदस्य बहाल रहन नसक्ने अवस्था,

(ठ) कोष र लेखापरीक्षण,

(ड) निर्वाचन सम्बन्धी व्यवस्था,

(ढ) विधान संशोधन,

(ण) संस्थाको विघटन,

(त) विनियम बनाउने अधिकार,

(थ) विविध ।



CS CamScanner

## परिच्छेद ४
## खानेपानी प्रणाली र गुणस्तर सम्बन्धी व्यवस्था

१७. **खानेपानी प्रणालीहरूको वर्गीकरणः** (१) नगरपालिकामा खानेपानी आपूर्ति प्रणालीलाई देहाय बमोजिम वर्गीकरण गरिनेछ।

(क) सामुदायिक खानेपानी प्रणाली
(ख) व्यक्तिगत खानेपानी प्रणाली (एक घर एक धारा)
(ग) मूल संरक्षण खानेपानी योजना
(घ) संस्थागत खानेपानी प्रणाली

(२) नगरपालिकाले सम्भव भएसम्म व्यक्तिगत खानेपानी प्रणालीलाई प्रवर्धन गर्नेछ।

१८. **स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने** : यस ऐन बमोजिम उपभोक्ता संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ।

१९. **गुणस्तर मापदण्ड तोक्न सक्ने** :(१) खानेपानी तथा सरसफाइको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरू नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन्।

(२) नगरपालिकाले आफ्नो क्षेत्रका लागि खानेपानी तथा सरसफाइ सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ।

२०. **खानेपानीको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्थाः** नगरपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ।

२१. **खानेपानी गुणस्तर अनुगमन प्रणालीः** नगरपालिकाको क्षेत्रमा खानेपानीको गुणस्तरलाई अनुगमन गर्ने कार्यविधि कार्यपालिकाबाट स्वीकृत भए बमोजिम हुनेछ।



CamScanner

## परिच्छेद ५
## खानेपानी महसुल र खानेपानी सेवाको व्यवस्थापन

२२. **खानेपानी तथा सरसफाइ महसुल निर्धारणः** (१) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी नगरपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत लगायतलाई समेत आधार मान्नु पर्नेछ ।

२३. **महसुल तथा शुल्क लिन पाउने :** (१) उपभोक्ताले खानेपानी तथा सरसफाइ सेवा उपयोग गरे वापत उपभोक्ता संस्थालाई साधारण सभाले निर्धारण गरे बमोजिमका महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ ।

(२) व्यापारिक वा व्यावसायिक रूपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र आफूले उपलब्ध गराएको समय तालिका बमोजिम नियमित रूपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महससु लिन पाउने छैन ।

(३) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भएतापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले गरीबीको परिचय पत्र प्राप्त गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण, ढल जडान र खानेपानीको महसुल लगायतको सेवामा छुट तथा सहुलियत दिन सक्नेछ ।



CamScanner

२४. **मिनाहा वा छुट दिन सक्ने:** उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रकोप वा अन्य कुनै विषम परिस्थितिका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरीबीको परिचय प्राप्त गरेका वा सिमान्तकृत परिवारले खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ।

२५. **असुल उपर गर्न सक्ने:** यस ऐन बमोजिम खानेपानी सेवा तथा सरसफाइ सेवा उपयोग गरे बापतको महसुल तथा जरिवानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ।

२६. **खानेपानी सेवाको व्यवस्थापन:** (१) नगरपालिकाले उपभोक्ता समिति मार्फत उपभोक्ताहरूलाई नियमित र न्यायोचित रूपमा खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापन सहजीकरण गराउनेछ।

(२) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा वैकल्पिक व्यवस्था गर्नुपर्नेछ।

(३) उपभोक्ता समितिले व्यक्तिगत खानेपानी प्रणाली भएका घर परिवारमा मिटर जडान गरी दफा २३ बमोजिमको महसुल तथा शुल्क उठाउन सक्नेछ।

(४) खानेपानीमा सेवाको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिको हुनेछ।

(५) उपभोक्ता समितिबाट तत्काल मर्मत सम्भार गर्न नसक्ने मनासिव कारण देखाई उपभोक्ता समितिले सम्बन्धित निकायमा मर्मत सम्भारका लागि अनुरोध पर्नेछ।



CamScanner

## परिच्छेद ६
## पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

२७. **पूर्वाधारको निर्माण वर्गीकरण:** (१) नगरपालिकाका खानेपानी आयोजनालाई लाभान्वित घरधुरीका आधारमा देहाय बमोजिम वर्गीकरण गर्नुपर्नेछ ।

(क) ठुला आयोजना: ५०० घर परिवार भन्दा बढी लाभान्वित हुने खानेपानी योजनालाई ठुला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ख) मझौला आयोजना: २०० देखि ५०० घर परिवार लाभान्वित हुने आयोजनालाई मझौला आयोजनामा वर्गीकरण गरिनेछ ।

(ग) साना आयोजना: २०० भन्दा कम घर परिवार लाभान्वित भएको आयोजनालाई साना आयोजनामा वर्गीकरण गरिनेछ ।

(२) उपदफा (१) मा जे सुकै लेखिएको भएता पनि साना आयोजना निर्माणका लागि संघ, प्रदेश सरकार र विकास साझेदार निकायलाई कार्य गर्न बाधा पर्नेछैन ।

२८. **समुदायको योगदान सम्बन्धी व्यवस्था:** (१) सामुदायिक खानेपानी आयोजना निर्माणमा स्थानीय समुदायले कुल लागतको १० प्रतिशत जनश्रमदान गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमदान जुटाउनका लागि लाभान्वित घर परिवारलाई श्रमको विभाजन गरी श्रमदानका लागि परिचालन गर्नु पर्नेछ ।



CamScanner

(३) श्रमदान गर्न असक्षम व्यक्तिहरू (अपाङ्गता भएका व्यक्ति, बालबालिका, बृद्धबृद्धा, दिर्घरोगी आदि) लाई श्रमदानमा सहुलियतको व्यवस्था गर्नुपर्नेछ ।

(४) उपदफा (३) बाहेकका व्यक्ति तथा परिवारले श्रमदान गर्न नसकेमा सो बराबरको नगद रकम उपभोक्ता समितिलाई बुझाउनु पर्नेछ ।

(५) व्यक्तिगत खानेपानी प्रणालीको हकमा मुख्य लाइनबाट घरको धारासम्मको पाइपलाइन खन्ने, १०० मिटर भन्दा बढी थप पाइप लाग्ने भए सो पाइप, मिटर तथा धारामा लाग्ने जि.आइ. पाइप, टुटी लगायतका सामाग्रीहरू सम्बन्धित घरधनीले नै व्यहोर्नु पर्नेछ ।

**२९. उपभोक्ता संस्थाको मर्मत सम्भार तथा व्यवस्थापन कोष रहने :** (१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क, सम्पत्ति विक्रीबाट प्राप्त हुने आय, सहयोग रकम, सरोकारवाला साझेदार निकायबाट प्राप्त हुने अनुदान रकम रहनेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्वन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि सरोकारवाला साझेदार निकायबाट सहयोग प्राप्त गर्न सक्नेछ ।

(३) उक्त कोषको संचालन अध्यक्ष, सचिव र कोषाध्यक्षबाट संयुक्त रूपमा कोषाध्यक्ष अनिवार्य गरी दुई जनाबाट हुनेछ । उक्त कोषको लेखापरीक्षण दर्तावाला लेखापरीक्षकबाट वार्षिक रूपमा गराउनुपर्नेछ ।



CamScanner

## परिच्छेद ७
## फोहरमैला व्यवस्थापन

३०. <u>फोहरमैला व्यवस्थापन गर्ने दायित्व :</u>(१) यस ऐन बमोजिम फोहरमैला व्यवस्थापन गर्ने गराउने दायित्व फोहोरमैला उत्पादनकर्ता र नगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला वा औद्योगिक फोहरमैला प्रशोधन र व्यवस्थापन गर्ने दायित्व निर्धारित मापदण्डको अधीनमा रही त्यस्तो फोहरमैला उत्पादन गर्ने व्यक्ति वा निकायको हुनेछ ।

(३) कुनै उद्योग वा स्वास्थ्य संस्थाले हानिकारक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला, रासायनिक फोहरमैला तथा औद्योगिक फोहरमैला प्रशोधन गरी बाँकी रहेको फोहरमैला तथा अन्य फोहरमैलाको व्यवस्थापन गरिदिन नगरपालिकालाई अनुरोध गरेमा वा नगरपालिकाले निर्माण गरेको फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न माग गरेमा नगरपालिकाले निर्धारण गरे बमोजिमको सेवा शुल्क लिई फोहरमैलाको व्यवस्थापन गरिदिन वा फोहरमैला व्यवस्थापन स्थल प्रयोग गर्न सक्नेछ ।

३१. <u>फोहरमैला संकलन केन्द्र तोक्ने:</u> नगरपालिकाले फोहरमैलालाई व्यवस्थित रूपमा सङ्कलन गर्न प्रत्येक टोल वा वस्तीमा सङ्कलन केन्द्र तोकी आवश्यक कण्टेनरको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम संकलन केन्द्र तोक्दा यथाशक्य टोल वा वस्तीका सबैलाई पायक पर्ने गरी वातावरणीय रूपले उपयुक्त स्थान तोक्नेछ ।



CamScanner

(३) उपदफा (१) बमोजिमको संकलन केन्द्रमा फोहरमैला निष्काशन र सङ्कलन गर्ने समय र तरिका नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३२. **फोहरमैलाको न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगः** नगरपालिकाले फोहरमैला न्यूनीकरण, पुनः प्रयोग तथा पुनः चक्रीय प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक कार्य गर्नेछ र यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

(२) उद्योगको उत्पादन प्याकिङ्ग गर्न प्रयोग गरेको वस्तुलाई पुनः प्रयोग गरी फोहरमैलाको परिमाणलाई घटाउने काममा प्रोत्साहन गर्न सम्बन्धित उद्योगसँग नगरपालिकाले समन्वय गर्नेछ ।

३३. **फोहरमैला व्यवस्थापन स्थल :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र सङ्कलन भएको फोहरमैलालाई व्यवस्थापन तथा स्थायी रूपमा विसर्जन गर्नको लागि वातावरण सम्बन्धी प्रचलित कानूनको अधीनमा रही फोहरमैला व्यवस्थापन स्थल (स्यानिटरी ल्याण्डफिल साइट) निर्माण गर्न सक्नेछ ।

३४. **सार्वजनिक निजी साझेदारीमा फोहरमैला व्यवस्थापन गर्न सकिनेः** (१) नगरपालिकाले प्रचलित कानूनको अधीनमा रही निजी क्षेत्र, सामुदायिक एवम् गैरसरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन कार्य गर्न सक्नेछ ।

३५. **दिसाजन्य लेदो तथा अन्य फोहरको व्यवस्थापन** (१) कसैले पनि नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीत मानव मलमुत्र, दिसाजन्य लेदो सहित वा रहितको फोहर पानी ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा सार्वजनिक जग्गामा मिसाउन वा पठाउन हुदैन ।



CamScanner

(२) उपदफा (१) बमोजिमको फोहर बिर्सजनका लागि अवलम्बन गरिने कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

३६. <u>**ढल निकास सेवा सञ्चालनः**</u> नगरपालिकाका बजार क्षेत्रमा ढल निकासका लागि नगरपालिकाले स्थानीय समुदायको परामर्शमा उचित प्रबन्ध गर्नेछ ।

## परिच्छेद ८
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

३७. <u>**अनुमतिपत्र लिनुपर्ने :**</u> (१) यस नगरपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यावसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम नगर कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा नगरपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी वास इकाइ समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा नगरपालिकाको वास इकाइले सो बमोजिमका कागजातहरू पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ ।



CamScanner

३८. **अनुमतिपत्र दिनुपर्ने** : (१) दफा ३७ बमोजिम परेको निवेदनमा वास इकाइले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदकलाई अनुमतिपत्र दिन नगरपालिका समक्ष सिफारिस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधि पश्चात् नगरपालिकाले तोकेको दस्तुर बुझाई अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ।

(३) यो ऐन प्रारम्भ हुनु अगावै व्यावसायिक तथा औद्योगिक रूपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले छ महिनाभित्र यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन।

३९. **अनुमतिपत्र प्रदान नगरिने** : (१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइरहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको क्षेत्रमा अर्को कुनैपनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा व्यवस्था गरिएको भएपनि अनुमति प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान



CamScanner

नगरेमा वा नियमित रूपमा खानेपानी सेवा आपूर्ति नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रूपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

४०. **अनुमतिपत्र खारेज :** (१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरीतको कुनै काम गरेमा, नियमित रूपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा, खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा, अनुमति पत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा, नियमित रूपमा लेखापरीक्षण र वार्षिक प्रतिवेदन पेस नगरेमा वास समितिको सिफारिसमा नगर कार्यपालिकाले अनुमतिपत्रमा उल्लिखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ :

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा वास समितिको सिफारिसमा कार्यपालिकाले यस ऐन बमोजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि नगरपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाइ पेश गर्ने मौका दिनु पर्नेछ ।



CamScanner

## परिच्छेद ८
## विविध

४१. **<u>कसुर र सजाय</u>** : खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइ सम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

४३. **<u>सूचना अभिलेख प्रणाली:</u>** (१) नगरपालिका क्षेत्रको खानेपानी तथा सरसफाइ सम्बन्धि तथ्यांक अध्यावधिकका लागि सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

(२) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि तथ्यांक अध्यावधिकका लागि एक सूचना अभिलेख प्रणालीको विकास गर्न सकिनेछ।

४४. **<u>योजना निर्माण:</u>** नगरपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

४५. **<u>पुरस्कारसम्बन्धी व्यवस्था:</u>** खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई वास समितिको सिफारिसमा नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

४६. **<u>निर्देशन दिन सक्ने</u>** : नगरपालिकाले उपभोक्ता संस्था वा अन्य सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका सम्बन्धमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ।



CamScanner

४७. <u>खानेपानी आयोजना र संरचनाको हस्तान्तण</u> : (१) नगरपालिकामा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरू खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरू उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रूपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ।

५०. <u>नियम बनाउने सक्ने</u> यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ।

आज्ञाले,
दशरथ राई
प्रमुख प्रशासकीय अधिकृत



CamScanner